# नगर प्रमुख श्री चन्द्रकुमारी पुनले
# सातौं नगरसभामा प्रस्तुत गर्नु भएको
# बार्षिक नीति तथा कार्यक्रम
# २०७७/७८

कावासोति नगरपालिका

२०७७ साल असार १० गते बुधवार

**नगरसभाका अध्यक्षज्यू,**
**कार्यपालिकाका सदस्यज्यूहरु,**
**सभाका सदस्यज्यूहरु ।**

यस गरीमामय नगरसभामा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

विश्व यति बेला कोरोना भाइरसको भुमरीमा परिरहेको र नेपाल पनि यस महामारीबाट अछुतो नरहेको विषम अवस्थामा यस सम्मानित नगर सभामा सम्बोधन गर्दैछु । मानव इतिहासकै सबैभन्दा ठूलो जैविक संकट पैदा भई ठूलो संख्यामा मानिसहरू संक्रमित तथा मृत्यु भएको अवस्थामा संसारकै ध्यान केन्द्रित भएको छ। यस महामारीबाट हाम्रो नगरपालिका लगायत देशभरिका अधिकांश पालिकाहरु पनि प्रभावित भएका छन् । यस अवस्थामा कोरोना भाइरसका कारण दिवंगत हुने प्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचारार्थ सम्पूर्ण दिदी बहिनी एवं दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरसले मुलुकको अर्थ व्यवस्थामा गम्भीर धक्का पुगेको छ । उत्पादन, वितरण प्रणाली तथा निर्माण कार्य समेत बन्द प्राय छ। जसले हाम्रो लक्ष्य प्राप्तिमा ठूलो व्यवधान खडा गरेको छ। यस जोखिमपूर्ण परिस्थितिलाई सम्हाल्न अग्रपङ्तिमा रहेर काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, नर्स, सुरक्षाकर्मी, नगर प्रहरी, सर-सफाइकर्मी, जनप्रतिनिधि, कर्मचारी, एम्बुलेन्स चालक एवं विपद् व्यवस्थापन समितिका पदाधिकारी लगायत सबैको सक्रियताको उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्तिमा योगदान पुऱ्याउनु हुने व्यक्ति तथा संघ संस्थाहरूलाई पनि हार्दिक आभार व्यक्त गर्दछु। कोभिड-१९ को कारण लागू गरिएको बन्दा बन्दीमा काम गर्न नपाएका अति विपन्न नागरिकहरूलाई राहत वितरणका लागि विपद् व्यवस्थापन कोषमा नगद रकम जम्मा गर्ने तथा राहत प्याकेज उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभाव, संघ संस्थाहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

नेपाली जनताको संघर्ष र लोकतान्त्रिक आन्दोलनका माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । नेपाली सभ्यता, नेपाली समाज र नेपाल राष्ट्रलाई यहाँसम्म ल्याई पुर्याउने सम्पूर्ण नेपालीहरू प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानको मूल मर्म तथा नेपाली जनताको भावना अनुरूप संघीयता कार्यान्वयनको शिलसिलामा कावासोती नगरपालिकाले आफूलाई बलियो स्थानीय तहको रूपमा स्थापित गर्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको छ । यस कार्यमा सकारात्मक सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा गहिरो साथ र सहयोगको अपेक्षा राख्दछु ।

लोकतन्त्र भनेको विधिको शासन हो । लोकतन्त्रलाई मजबुत बनाउन स्थानीय सरकार बलियो हुनु पर्नेमा दुई मत छैन । जनताले नजिकबाट देख्न, सुन्न र अनुभूति गर्न सक्ने स्थानीय सरकारका सेवा प्रवाहलाई संस्थागत गर्ने, विधिको शासन स्थापित गर्ने, नागरिकले पाउने सेवा तथा विकास व्यवस्थापनलाई सरल, सहज, प्रभावकारी र प्रविधि मैत्री बनाउने कार्य गर्दै कावासोती नगरपालिकालाई बलियो स्थानीय सरकारका रूपमा उभ्याउन हामीले सघन प्रयास गरेका छौं ।

सीमित श्रोत साधनका बीचमा असीमित आवश्यकताहरूलाई सम्बोधन गर्नुपर्ने बाध्यता र जननिर्वाचित स्थानीय सरकारसँग नगरवासीको उच्च अपेक्षाका माझ हामी रहेका छौं । विकासको सम्भाव्यतालाई फराकिलो पार्दै र विकासको जग बलियो बनाउँदै ‘‘समृद्ध नेपाल सुखी नेपाली’’ को यात्रातर्फ हामी अनवरत रूपमा लागि रहनु पर्नेछ ।

सर्वप्रथम म **चालू आ.व.को नीति तथा कार्यक्रमको समीक्षा** प्रस्तुत गर्दछु ।

## आर्थिक क्षेत्र

१. उपलब्ध जनशक्ति र सीमित स्रोत साधनको कुशलतम परिचालन गर्दै कोभिड-१९ रोगको महामारीको बाबजुद पनि आर्थिक क्षेत्रमा यस वर्ष लिइएका अधिकांश नीतिहरू कार्यान्वयनको दिशामा सकारात्मक रूपले अगाडी बढिरहेका छन् ।

२. यस वर्ष कृषि तथा पशुपालनका क्षेत्रमा कृत्रिम गर्भाधारण सेवा, माटे तथा नाम्ले जुकाको औषधी वितरण कार्यक्रम, प्रतिफलमा आधारित अनुदान, मौरी पालक कृषकलाई अनुदान, भकारो सुधार कार्यक्रम, गरिमा धानको बीउ बापतको क्षतिपूर्ति वितरण, खोप तथा मल बीउ वितरण लगायत तालिम तथा अनुदानमा आधारित कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

३. वडा स्तरबाट कृषकहरूका लागि उत्पादनसँग सम्बन्धित तालिमहरू सञ्चालन गरिएको छ । कृषकहरूका लागि ५० प्रतिशत अनुदानमा मल, बीउ, औजार उपकरणहरू वितरणका कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

४. पर्यटनका क्षेत्रलाई लक्षित गरी वडा १७ मा अमलटारी सामुदायिक होमस्टे क्षेत्रभित्र नगरपालिकाको ५० प्रतिशत अनुदानमा ९ वटा नयाँ सामुदायिक होमस्टे निर्माण सम्पन्न भएको छ ।

५. नगरपालिकाको वडा नं. १ स्थित लोकाहा क्षेत्रमा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाका लागि प्रदेश सरकारसँगको सहकार्य गरी प्रदेशको नीति तथा कार्यक्रममा समावेश गरी प्रदेशबाट बजेट विनियोजन गरिएको छ । हाल जग्गा प्राप्ति कार्यलाई अगाडि बढाइएको छ ।

६. दूध तथा दुग्ध जन्य उत्पादन वृद्धि गर्न तथा नगरपालिकालाई दूधमा आत्मनिर्भर गराउन सहकारी मार्फत दूध उत्पादक कृषकहरूलाई दोस्रो चौमासिक सम्ममा उत्पादित दूध १३ लाख ६३ हजार लिटरलाई प्रति लिटर रु १ नगद अनुदान प्रदान गरिएको छ।

७. कृषि जन्य उत्पादन वृद्धिका लागि यस वर्ष व्यवसायिक र गैरव्यवसायिक ४५ जना कृषकहरूको माटो परीक्षण गरी माटो सुधारका लागि सामाग्री वितरण कार्य सम्पन्न भएको छ।

८. पशु रोग निदान र नियन्त्रणका लागि यस वर्ष बिरामी पशुको नमुना संकलन गरी केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला काठमाडौं पठाउने कार्यको सुरुवात गरिएको छ।

९. माछा पकेट क्षेत्र कार्यक्रम अन्तर्गत वडा नं. ७ मा नमुना माछा पालन समूह कृषि सामाग्री केन्द्रको भौतिक संरचना निर्माण गरिएको छ।

१०. कावासोती नगरपालिका क्षेत्र भित्र अवस्थित रहि सेवा प्रवाह गर्दै आएका "क" वर्गका १९ वटा र "ख" वर्गका ८ वटा, "ग" वर्गका २ वटा र "घ" वर्गका केही लघु वित्तीय संस्था तथा ३२ वटा विमा संस्थाहरु मार्फत वित्तीय अनुशासन, वित्तीय पहुँच र समग्र विकासमा टेवा पुगेको अवस्था छ। आगामी दिनमा स्थानीय आवश्यकता, सक्षमता र नागरिकको कार्यमा सहजता पुग्ने गरी वित्तीय सेवा प्रवाह गर्न समन्वयात्मक रूपमा अघि बढिनेछ।

११. सहकारी क्षेत्रको विकासका लागि क्षमता विकास तालिम र आवश्यक उपकरण प्रदान लगायतका कार्यहरू गरिएको छ। नगरपालिका कार्य क्षेत्र रहेका कुल ३१ वटा सहकारीहरू रहेका छन्। ती संस्थाहरूमा हाल सम्मको कुल शेयर सदस्य संस्था १४ हजार ३ सय जना, शेयर रकम ९ करोड ५९ लाख ४६ हजार ३ सय ५५ रुपैयाँ, कुल

बचत रकम ५७ करोड ९६ लाख २२ हजार ७ सय ३० रुपैयाँ, कुल लगानीमा रहेको रकम ४९ करोड ७७ लाख ९३ हजार ९७ रुपैयाँ र जगेडा कोषमा रहेको रकम २ करोड २६ लाख २ हजार ५ सय ४५ रुपैयाँ रहेको अवस्था छ। यसरी सहकारी मार्फत न्यून आय वर्गका मानिसको बचत परिचालन, स्थानीय श्रोत साधन र क्षमताको उपयोग तथा स्वरोजगारी प्रवर्धन गर्ने कार्यमा नीतिगत एवं कार्यक्रमगत प्रयास हुँदै आएको छ।

**सामाजिक विकास**

समाजको सभ्य, दिगो, सन्तुलित र न्यायिक विकासका लागि सामाजिक विकास अपरिहार्य र सार्वभौम आवश्यकताका रूपमा स्वीकार गरिएको छ । तद अनुसार नीति, संरचना, प्रणाली, कार्यक्रम र कार्य व्यवहारमा महत्व दिंदै अघि बढिएको छ :

१२. विविध कारणबाट विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था पहिचान गरी उनीहरूलाई विद्यालयसम्म पुऱ्याउनका लगि बहुसरोकारवालाको सक्रियतामा विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् ।

१३. आधारभूत तह (कक्षा ८) को नगरस्तरीय परीक्षामा प्राप्त प्रतिफलका आधारमा विद्यालयहरूलाई स्तरीकरण गर्दै नगर उत्कृष्ट श्री शिव माध्यमिक विद्यालय-कावासोती २ लाई पुरस्कारद्वारा सम्मान गरिएको छ ।

१४. कक्षा कोठामा शिक्षक भन्ने अभियानलाई प्रभावकारी बनाउन र शिक्षकको कार्य क्षमता बढाउने कार्यक्रमहरू राखिएको छ । "म बन्छु नमुना शिक्षक: कावासोतीलाई बनाउने हो नमुना शैक्षिक नगरी" भन्ने आदर्श वाक्यलाई आत्मसाथ गर्ने गरी शिक्षकहरूलाई जिम्मेवार र प्रोत्साहित गरिएको छ ।

१५. माझी, मुसहर, वोटे, दलित तथा अन्य सिमान्तकृत समुदायका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाइएको छ । मुसहर समुदायका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति प्रदान गर्दै उच्च शिक्षा अध्ययनमा विपन्न वर्गको पहुँच स्थापित गर्ने दिशामा अघि बढिएको छ ।

१६. विद्यालय तथा उच्च शिक्षामा छात्रवृत्ति तथा व्यवसायिक शिक्षा प्रवर्धन कार्यलाई बहुसरोकारवालाको सहयोग र अपनत्वमा अगाडी बढाउन नीतिगत व्यवस्था गर्दै कोषको

व्यवस्था गरिएको छ । बालबालिकाहरूको सिर्जनशिलतालाई प्रोत्साहित गर्न नगरका कोपिला नामक साहित्यिक पत्रिका प्रकाशन उन्मुख छ ।

१७. विद्यालय उमेर देखि नै अनुशासन र स्वास्थ्यलाई जीवन शैली बनाउन सहयोग गर्ने खेलकुद क्षेत्रलाई उच्च महत्व दिँदै नगर भित्रका २४ वटा माध्यामिक विद्यालयहरूको सहभागितामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।

१८. यस आ.व.मा विद्यालय मर्मत शीर्षकमा २५ वटा सामुदायिक विद्यालयहरूलाई अनुदान रकम उपलब्ध गराइएको छ । नगर भित्रका सबै सामुदायिक विद्यालयहरूमा दिवा खाजाको व्यवस्था गरिएको छ । प्राथमिक तहका विद्यालयको भान्छा व्यवस्थापन गर्न आवश्यक अनुदानको समेत प्रबन्ध गरिएको छ ।

१९. शिव मा.वि. कावासोती वडा नं. २ तथा सरस्वती मा.वि. कावासोती वडा नं. ४ मा नमुना विद्यालय निर्माण गुरुयोजना अनुरूप भौतिक निर्माण कार्य सञ्चालन भइरहेको छ ।

२०. वाल मैत्री नगरपालिका निर्माणको लागि सबै सूचकको अवस्था पहिचान गरी सुधार गर्नुपर्ने पक्षमा प्राथमिकता निर्धारण गरेर अघि बढ्न वाल मैत्री अवस्था पहिचान, घरधुरी सर्वेक्षण कार्यको तथ्याङ्क विश्लेषण र प्रतिवेदन कार्यको अन्तिमिकरण हुँदैछ ।

२१. वडा तथा नगर सञ्जालका बालबालिकाहरूलाई नेतृत्व विकास सम्बन्धी तालिम दिइनुका साथै बाल विवाह रोक्न तथा दुर्व्यवहारमा परेका बालबालिकालाई न्याय दिन कानुनी कारबाहीको लागि पहल तथा बालबालिकालाई पारिवारिक सहयोग सहित बाल संरक्षण गृहमा राख्ने व्यवस्था मिलाउन सहयोग गरिएको छ ।

२२. नगर भरीका सबै विद्यालयको समग्र पक्षको कार्यसम्पादन परीक्षण गर्दै यथार्थ अवस्थाको पहिचानको साथमा नगरको शिक्षा विकासका लागि नीति, योजना र कार्यक्रमलाई

दिशानिर्देश गर्न कावासोती नगरपालिका शिक्षा विकास रणनीति निर्माणको क्रममा रहेको छ।

२३. यस आ.व.को जेठ मसान्तसम्म स्वास्थ्य संस्थाबाट ८६ हजार २ सय ३० जनाले ओपिडी सेवा, पूर्व प्रसूति, उत्तर प्रसूति, परिवार योजना लगायतको सेवा लिएका छन् भने पूर्ण खोप, नसर्ने रोगहरु, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई परिवार योजना अभिमुखीकरण, किशोरीहरूलाई आईरन चक्की महत्व तथा वितरण सम्बन्धमा शिक्षक र स्वास्थ्यकर्मीलाई तालिम कार्यक्रमहरू सम्पन्न गरिएको छ। आयुर्वेद सेवा केन्द्रबाट जेष्ठ मसान्तसम्म ६ हजार ६ सय ३३ जना व्यक्तिहरूले सेवा लिएका छन्।

२४. डेङ्ग्यु रोगको रोकथाम तथा नियन्त्रणको लागि सचेतना कार्यक्रम १६ वटा वडामा सघन रुपमा सञ्चालन गरिएको छ।

२५. स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि र मेडिकल उपकरणहरूको व्यवस्था गरिएको छ। आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत ७०० जना भन्दा बढी गर्भवती तथा सुत्केरीहरूले सेवा लिएका छन्। महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइएको छ।

२६. गरिब तथा विपन्न नागरिकहरूलाई विभिन्न ८ प्रकारका जटिल रोगको निःशुल्क उपचारका लागि नेपाल सरकारले तोकेका अस्पतालहरूमा उपचारको लागि सिफारिस गर्ने व्यवस्था गरिएको छ।

२७. मृगौला रोगको उपचार तथा सर्प दंशको उपचारको व्यवस्थापन गर्न संघ तथा प्रदेश सरकारसँगको समन्वयमा मृगौला रोगीको उपचार तथा सर्प दंशको उपचारको व्यवस्था मिलाइएको छ।

२८. वडा नं. १ मा स्थापना गर्न लागिएको सहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ। आगामी वर्ष देखि उक्त केन्द्रलाई सञ्चालनमा ल्याइने छ।

२९. उपचारका क्रममा बिरामीलाई रगतको अभाव हुन नदिन नेपाल रेडक्रस सोसाइटी कावासोतीद्धारा स्थापित नवलपुर रक्त सञ्चार केन्द्रसँग सहकार्य गर्दै आइएको छ।

३०. पिठौली स्वास्थ्य चौकीको नयाँ भवन तथा कावासोती स्वास्थ्य चौकीमा बर्थिंग सेन्टर निर्माण अन्तिम चरणमा पुगेको छ।

३१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्दै समता मूलक समाज निर्माण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । महिलाहरुको व्यक्तित्व विकासको प्रारम्भिक प्रशिक्षण अन्तर्गत समुह सदस्यका लागि अनुशिक्षण कार्यक्रम सञ्चालन भएको छ। जसमा एक हजार जना भन्दा बढी महिला प्रत्यक्ष लाभान्वित भएका छन्।

३२. सबै वडाहरुमा अपाङ्गता सम्बन्धी शिविर सञ्चालन गरी ६५५ जनालाई चार प्रकारका अपाङ्गता परिचय पत्र वितरण गरिएको छ।

३३. हिंसा विरुद्धको १६ दिने अभियान, जेष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवसबाट लक्षित समूहलाई सकारात्मक प्रभाव पर्ने गरी विविध कार्यक्रम सहित मनाइएको छ।

३४. विशेष गरी गर्भ अवस्था देखि ५ वर्ष मुनिका बालबालिका तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरूको पोषण र स्वास्थ्य अवस्थामा सुधार ल्याई पोषण मैत्री नगरपालिका घोषणा गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । यस आ.व.मा सबै वडाका सरोकारवालाहरूलाई पोषण र

स्वास्थ्य सम्बन्धी अभिमुखीकरण, १० वटा सामुदायिक विद्यालयहरूमा किशोरीहरूलाई महिनावारी स्वच्छता, आइरन तथा फोलिक एसिडको महत्व र पोषण र स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

३५. नगर भित्रका करिब ४०० जना सुनौला हजार दिन अवस्थाका आमाहरूलाई सहभागी गराई करेसाबारी खेती सम्बन्धी तालिम तथा तरकारीको उन्नत जातको बीउ वितरण गरी एक घर एक करेसाबारी अवधारणालाई कार्यान्वयन गर्न अभिप्रेरित गरिएको छ।

३६. सबै वडाहरुमा पोषण खाद्य सुरक्षा निर्देशन समिति गठन गरी अभिमुखीकरण कार्यक्रम गरिएको छ।

३७. नगरपालिका भित्र वडा नं. ५ मा १ वटा वडा नं. ७ मा २ वटा र वडा नं. १६ मा १ वटा खेलकुद मैदानको मर्मत कार्य सम्पन्न भइसकेको छ। खेल क्षेत्रको प्रवर्धनका लागि कावासोती वडा नं. २ मा कवर्ड हलको स्तरोन्नतीको कार्य अन्तिम चरणमा रहेको छ।

३८. सबै नगरवासीमा शुद्ध खानेपानीको सेवा उपलब्ध गराउने कार्य दिशामा नगरपालिका अगाडी बढिरहेको छ। यस वर्ष संघीय सरकारको विशेष अनुदानमा वडा नं. ७ मा वृहत् खानेपानी आयोजना निर्माण कार्य सुरु गरिएको छ। कावासोती खानेपानी तथा सरसफाइ संस्थाको सहकार्यमा वडा नं. ३ स्थित जिल्ला सदरमुकाम रहने स्थानमा खानेपानीको ओभरहेड टंकी निर्माण अन्तिम चरणमा पुगेको छ। वडा नं १५ को खानेपानीका लागि करिब ४ किलो मिटर पाइपलाइन विस्तार गरिएको छ।

३९. सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धमा नगर तथा वडास्तरमा विभिन्न कार्यक्रमहरू भएका छन्। बजार क्षेत्रको फोहर संकलन तथा व्यवस्थापन कार्य सञ्चालनमा रहेको छ। वडा स्तरबाट प्लाष्टिक मुक्त अभियान सुरु भएको छ।

४०. हरित शहर निर्माण अभियान अन्तर्गत नगरपालिका वडा नं. ११, १२, १५ र १७ का भित्री मूल सडकको दायाँ बायाँ म्यान्गो स्टिक र धूपीका विरुवाहरु लगाइएको छ।

४१. नगर स्तरमा दिगो रूपमा फोहर मैला व्यवस्थापनका लागि भौतिक संरचना निर्माणको कार्य सम्पन्न गरिएको छ । कुहिने फोहर मैलालाई प्राङ्गरिक मल बनाउने तथा अन्य फोहर पुनः प्रयोग गर्न मिल्ने गरी स्थापना भएको फोहोर मैला व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न वातावरणीय सुन्दर नेपाल प्रा.लि. सँग ठेक्का सम्झौता भई कार्य प्रारम्भ गरिएको छ । जसबाट दिगो रुपमा फोहरमैला व्यवस्थापन हुनुका साथै देशकै नमुना फोहोरमैला व्यवस्थापन केन्द्रको रूपमा स्थापित गर्न सकिने विश्वास लिएको छु।

४२. सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत भुक्तानी हुने व्यवस्था मिलाइएको छ । सामाजिक सुरक्षा तर्फ यस आर्थिक वर्षमा विभिन्न शीर्षकमा गरी जम्मा ६ हजार ४० जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । सामाजिक सुरक्षामा हाल सम्म १७ करोड २४ लाख २२ हजार ६ सय रुपैयाँ खर्च भएको छ।

४३. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने कार्य यसै आ.व.बाट सुरु गर्ने गरी अघि बढाइएको छ।

४४. नेपाल सरकारको ससर्त अनुदानबाट सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) को मार्फत ७ हजार ५ सय भन्दा बढी व्यक्तिहरूलाई वैदेशिक रोजगारी सम्बन्धमा परामर्श प्रदान गर्नुका साथै १५० जनालाई अभिमुखीकरण गरिएको छ। उक्त परियोजना मार्फत ३५० जना व्यक्तिहरूलाई वित्तीय साक्षरता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

## पूर्वाधार विकास

४५. विकास आयोजना सञ्चालन तथा कार्यान्वयनको सम्बन्धमा प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकारिता अवलम्बन गरिएको छ।

४६. पूर्वाधार विकास तर्फ करिब ३ दशमलव ५ किलो मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। १८ किलोमिटर सडक ग्राभेल गरिएको छ। सडक वोर्ड नेपालको सहकार्यमा २ किलो मिटर पिच मर्मत हुने क्रममा रहेको छ।

४७. यस आर्थिक वर्षमा नगरपालिकामा १० दशमलव ४ किलोमिटर पक्की नाला निर्माण सम्पन्न भएको छ। १७ वटा कल्भर्ट, ५ वटा डिप वोरिङ्ग, ९४५ मिटर सिँचाई नहर, १४ स्थानमा सिँचाई बोरिङ तथा ६८० मिटर सिँचाई बाँध निर्माण गरिएको छ। नगरका विभिन्न स्थानमा २७२ वटा सडक बत्ति जडान गरिएको र विभिन्न स्थानमा विधुतिकरणको कार्य सम्पन्न भएको छ।

४८. नगर गौरव योजनाको रूपमा रहेको चक्रपथ निर्माणलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। सोही बमोजिम १, ३, ११, १५ र १७ नं. वडामा ४.५ किलो मिटर बाटो कालो पत्रेको गर्नको लागि ठेक्का सम्झौता भई कार्यान्वयनको क्रममा रहेको छ।

४९. नवलपुरको सदरमुकाम देशकै नमुना बनाउने उद्देश्यका साथ एकीकृत सेवा प्रवाह केन्द्र निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा डि.पि.आर. तयार भइ स्वीकृतिको प्रक्रियामा रहको छ। यस कार्यमा नगरपालिकाबाट आवश्यक समन्वय र सहकार्य गरिदैं आइएको छ।

५०. नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माणको दोस्रो तलाको छत ढलानको कार्य सकिएको छ। वडा नं ९ र १५ मा वडा कार्यालय निर्माण कार्य सम्पन्न भई वडाको

कामकाज नयाँ भवनबाट नै सुचारु गरिएको छ । वडा नं. ४, ५, ७ र ८ को आफ्नै कार्यालय भवन निर्माणका लागि ठेक्का सम्झौता भई कार्य प्रारम्भ भएको र आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

५१. वडा नं. ६ को प्राविधिक शिक्षालयको ४ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । नगर भित्रका २५ वटा विद्यालयका भौतिक पूर्वाधार मर्मत संभारको कार्य भइरहेको छ ।

५२. वडा नं. २ र ३ को सिमानाको ७१५ मिटर तथा वडा नं. ४, १०, १२, १४, १५, १६ र १७ मा गरी करिब २ दशमलब ७१ किलो मिटर बाटो कालोपत्रेको ठेक्का सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ । नगरको मर्मत सम्भार कोषबाट १७ वटै वडाका विभिन्न सडकहरुमा मर्मत कार्य सम्पन्न गरिएको छ ।

५३. वडा नं. १५ मा पर्यटन सूचना केन्द्रको भवन निर्माण कार्य सकिएको छ । पोखरी ताल पर्यटकीय क्षेत्रको निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको र हाल उक्त तालमा जाने बाटोको ढलान र गेट निर्माणको कार्य भइरहेको छ ।

५४. वडा नं. १ र ४ मा पर्ने केरुङ्गे खोलाको दुवैतर्फ गरी २२० मिटर तटबन्धन निर्माण कार्यको ठेक्का सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ ।

५५. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रमले कावासोती नगरवासीको जीउ ज्यान तथा कृषि बालीनालीको संरक्षणको लागि महत्वपूर्ण योगदान पुगेको छ । यस्तो समस्या न्यूनीकरणको लागि नगरपालिकाले सुरुदेखि नै प्राथमिकताका साथ कार्य गरिरहेको छ । जसअनुसार यस आर्थिक वर्षमा नगरपालिकाको वडा नं ७, १०, ११ , १२, १३, १५ र १७ मा मेसजाली सहितको आर.सि.सि. पर्खाल निर्माण कार्य ८ हजार ३ सय मिटर मध्ये

करिब ३ हजार ५ सय मिटर निर्माण सम्पन्न भएको छ । बाँकी कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

५६. विपन्न समुदाय आवासका लागि वडा नं. १५ मा ११ वटा, वडा नं. १७ मा १० वटा र वडा नं. ७ मा १ वटा गरी जम्मा २२ वटा घरको निर्माण कार्य सम्पन्न भएको छ । हाल सम्म ६९ वटा घरहरूको निर्माण कार्य सम्पन्न भएको छ ।

५७. यस आर्थिक वर्षको जेठ मसान्तसम्म भवन निर्माण तर्फ नक्सा पासका लागि २४२ निवेदन दर्ता भएका छन् । जसमध्ये प्रथम चरणको इजाजत लिएका २१३, सुपर स्ट्रक्चर इजाजत लिएका ११९ छन् भने ४६ जनाले निर्माण सम्पन्न लिएका छन् ।

५८. विकास योजना सञ्चालनका लागि ठेक्का बन्दोबस्त कार्यमा नगरपालिकामा विधुतिय खरिद प्रणालीलाई अधिकतम रूपमा अवलम्बन गरिएको छ । यसबाट ठेक्का प्रक्रिया थप प्रतिस्पर्धात्मक र पारदर्शी हुनुका साथै विकास लागत समेत न्यूनीकरण भएको छ ।

५९. वन्यजन्तुको चोरि सिकारी नियन्त्रण गर्न जिरो पोचिङ्ग अभियान सञ्चालन गरिएको छ । यसैगरी पर्यटन प्रवर्धनका लागि अखेटोपहार म्युजियम निर्माण कार्य सुरु गरिएको छ ।

६०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा करिब २१ सय जना बेरोजगार व्यक्तिहरू सूचीकृत रहेका छन् । यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि केन्द्रीय सरकारबाट प्राप्त २३ लाख ५३ हजार रुपैयाँबाट ९ वटा रोजगार मूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ । उक्त बजेट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधिको आधारमा कार्यान्वयनमा लगिएको छ जसमा कोरोना भाइरसबाट प्रभावित अति विपन्न तथा बेरोजगार सूचीमा सूचीकृतलाई प्राथमिकताको आधारमा काममा लगाइएको छ ।

६१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत वि.पी. स्मृति भवन, थारु राष्ट्रिय सङ्ग्रहालय भवन, पोखरी ताल पर्यटन पूर्वाधार, नेत्र ज्योति संघ भवन, ५ वटा क्याम्पस भवन, ८ वटा विद्यालयहरूको पूर्वाधार निर्माण लगायतका कार्य भइरहेको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

६२. लोक सेवाबाट सिफारिस भई स्थायी नियुक्ति भएका प्राविधिक तथा प्रशासनिक कर्मचारी २३ जना तथा सामाजिक सुरक्षा तथा पञ्जिकरणको लागि ३ जना थप कर्मचारी करारमा व्यवस्थापन गरिएको छ। सेवा प्रवाहमा शीघ्रता तथा प्रभावकारिता ल्याउन अधिकतम रूपमा विधुतिय प्रविधि तथा सूचना प्रविधिको प्रयोग गरिएको छ।

६३. योजना कार्यान्वयनको तालिका निर्माण गरी योजना सम्झौता, अनुगमन र फरफारक कार्य समय तालिका अनुसार हुने व्यवस्था मिलाइएको छ।

६४. कर तथा राजस्व प्रशासनलाई प्रभावकारी तथा आधुनिक बनाउन राजस्व संकलन तथा व्यवस्थापनमा विधुतिय पद्धतिलाई सबै वडामा कार्यान्वयन गरिएको छ।

६५. नगरवासीहरूलाई नगरपालिकाको काम कारबाहीका सम्बन्धमा सूचना प्रवाहको सहज पहुँचको लागि नगरपालिकाको वेबसाइट तथा फेसबुक पेज नियमित अद्यावधिक गरिएको छ।

६६. नगर क्षेत्र भित्रका गैरकानुनी गतिविधिहरूको नियमन तथा नियन्त्रण गर्न नगर प्रहरी परिचालन गरिएको छ। यस आ.व. मा केरुङ्गे खोलबाट अवैध चोरी निकासी कार्यमा संलग्न सवारीबाट ९ लाख भन्दा बढि रकम जरिवाना असुली गरिएको छ।

६७. नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई काम प्रति प्रोत्साहित र जिम्मेवार बनाउन श्रम ऐनको अनुकूल हुने गरी न्यूनतम तलव सुविधाको व्यवस्था गरिएको छ।

६८. यस वर्ष विभिन्न नीतिगत तथा कानुनी दस्तावेजहरू निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ।

६९. नगरपालिका तथा सबै विषयगत शाखाहरु र वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ । नगरपालिकाद्वारा सञ्चालित कार्यक्रमहरू तथा जनसरोकरका सूचनाका बारेमा स्थानीय सञ्चार माध्यमबाट निरन्तर प्रसारण हुने व्यवस्था मिलाइएको छ ।

७०. राजस्वको दायरा विस्तारमा जोड दिइएको छ । सम्पति करका सम्बन्धमा नगरवासीको पृष्ठपोषणलाई सम्मान गर्दै सम्पति करको दर र दायरा पुनरावलोकन गरिएको छ । लामो समयदेखि नगरपालिकाको करको दायरामा आउन नसकेका व्यक्ति, फर्म, संस्था तथा कम्पनीलाई करको दायरामा ल्याइएको छ ।

७१. नदीजन्य पदार्थको व्यवस्थापन मार्फत संकलन हुने राजस्व संकलनको लागि ३ पटक सम्म बोलपत्र आव्हान हुँदा समेत ठेक्का पक्का हुन नसकेको तथा कोभिड-१९ को कारण लामो समयको बन्दाबन्दी हुँदा लक्ष्य अनुरूपको राजस्व संकलन हुन नसकेको अवस्था छ ।

७२. यस कार्यालयको आर्थिक वर्ष २०७४/०७५ सम्म कायम भएको जम्मा बेरुजु रकम ७ करोड १३ लाख १८ हजार रुपैयाँ रहेकोमा यस वर्ष आएर उक्त बेरुजु मध्ये ६ करोड ५३ लाख रुपैयाँ (९१.५८%) फछर्यौट भै ६० लाख ९७ हजार रुपैयाँ बाँकी रहेको छ । त्यस्तै आ.व. २०७५/०७६ को श्रेष्ता अन्तिम लेखापरीक्षण हुँदा ६ करोड २४ लाख २८ हजार रुपैयाँ बेरुजू कायम भएकोमा ५७ लाख ५१ हजार रुपैयाँ सम्परीक्षणबाट हटि सकेको र बाँकी रकम मध्ये करिब ५ करोड रुपैयाँ पेश्की बेरुजू रहेकोमा बन्दाबन्दीले गर्दा सम्परीक्षण गराउन नसकिएको । आगामी वर्ष नगरपालिकाले बेरुजूलाई शून्य बनाउने लक्ष्य लिएको छ ।

७३. महालेखा परीक्षक कार्यालयको अन्तिम लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा औँल्याईएका सुझावहरूलाई कार्यान्वयनमा ल्याइएको छ । बेरुजू फछ्र्यौटका लागि प्रमाण जुटाउने तथा नियमित गर्ने कार्य गरी सम्परीक्षणको लागि पठाइएको तथा आर्थिक पारदर्शिता र सुशासनलाई प्रभावकारी बनाइएको छ। लेखा प्रणालीलाई थप व्यवस्थित र सरलीकृत गर्दै आगामी दिनमा समग्र आर्थिक प्रणालीलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको दिशामा लैजान जोड दिइनेछ।

७४. न्यायिक समितिमार्फत मेलमिलापको कार्यमा प्रभावकारिता बढ्दै गएको छ । मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता अभिवृद्धि भई इजलासको कार्य सम्पादन सिघ्र र प्रभावकारी हुँदै गएको छ । यस वर्ष जेठसम्मको तथ्याङ्कलाई आधार लिदाँ ११८ उजुरी दर्ता हुन आएकोमा ७२ वटा मेलमिलाप भइसकेको, १० वटा निरूपण, ३ वटा अदालत पठाइएको, ३ वटा स्थगित भएको, ३० वटा प्रक्रियामा रहेका छन्।

७५. न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन समितिमा प्राप्त उजुरी तथा न्यायिक समितिबाट भएका काम कारबाही सम्बन्धमा विधुतिय प्रणालीबाट सूचना प्रवाह गरिएको छ।

## प्रकोप तथा विपद् व्यवस्थापन तर्फ

७६. विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण समग्र विश्व नै आक्रान्त भएको अवस्था छ। यही समस्या भोगिरहेको कावासोती नगरपालिकाले, उक्त रोगको संक्रमण रोकथामको व्यवस्थापकीय कार्यमा जुटी रहेको छ।

७७. कोरोना रोकथाम तथा व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकारबाट १० लाख रुपैयाँ, जिल्ला समन्वय समितिबाट ५ लाख रुपैयाँ, नगरपालिकाबाट विनियोजित रकम ५४ लाख रुपैयाँ र विभिन्न संघ/संस्था तथा व्यक्तिबाट स्वेच्छिक सहयोग तथा राष्ट्रसेवक कर्मचारीबाट १७ लाख २४ हजार ७ सय २५ रुपैयाँ गरी कुल जम्मा ८६ लाख २४ हजार ७ सय २५ रुपैयाँ कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा आम्दानी भएको छ। सोही कार्य प्रयोजनको लागि कोषबाट जम्मा ५५ लाख ८३ हजार ८ सय २५ रुपैयाँ खर्च भएको छ। यसरी मानव सभ्यतालाई चुनौती दिने यस महामारीलाई सामना गर्न सबैको सहकार्यमा अघि बढिएको छ।

७८. कोरोना रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूका स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिएको छ। कोरोना भाइरस रोग सम्बन्धमा पूर्व सतर्कता अपनाउन जनचेतनामूलक अभियान सञ्चालन गरिएको छ।

७९. आ.व. २०७६/७७ को जेठ मसान्त सम्म कोभिड–१९ महामारीको पूर्व तयारीका क्रममा समुदायमा जनचेतना जगाउन करिब ३५ हजार पर्चा तथा फ्लेक्स वितरण गरिएको छ। रेडियो सञ्चार माध्यमबाट कोभिड–१९ रोकथामका उपायहरू बारे सन्देश प्रसारण गरिएको छ। पछिल्लो पटक भारतको सिमा/नाकाबाट १५३ जना नगरवासीलाई उद्धार गरी ल्याइ, उनीहरूको सुरक्षित रूपमा स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइएको छ। कोभिड निदानको क्रममा २३५ जनाको आर.डि.टि. र २३१ जनाको पि.सि.आर. टेष्ट गरिएको छ।

८०. नगरपालिकाको १७ वटै वडाको २० स्थानमा क्वारेन्टाइन होम स्थापना गरिएको छ भने मध्यबिन्दु अस्पताल तथा प्राकृतिक चिकित्सालय देबचुली, रजहरसँगको सहकार्यमा आइसोलेसन वार्डको व्यवस्था गरिएको छ।

८१. कावासोती नगरपालिका भित्रका एम्बुलेन्सहरू मार्फत नगरपालिका भित्रका बिरामीहरूलाई अस्पताल सम्म पुर्याउन नि:शुल्क सेवा प्रदान गर्न ७० प्रतिशत नगरपालिकाबाट र बाँकी ३० प्रतिशत एम्बुलेन्स सञ्चालन गर्ने संस्थाबाट लागत व्यहोर्ने व्यवस्था मिलाइएको थियो। जसबाट ५०९ जना भन्दा बढि लभान्वित भएका छन्।

८२. बन्दाबन्दीका कारण दैनिक गुजारा गर्न नसकेका अति विपन्न ४ हजार २ सय १ परिवारलाई विपद् व्यवस्थापन समिति र वडा समितिको सक्रियतामा राहत प्याकेज वितरण गरिएको छ।

८३. विपद् व्यवस्थापन समिति, वडा समिति तथा सामुदायिक वन समितिको सहभागितामा करिब २१ क्वीनटल क्लोरिन पाउडर कोरोना नियन्त्रणका लागि नगरका विभिन्न वडाका सार्वजनिक स्थान तथा भित्री बस्तीहरूमा छर्कने कार्य गरिएको छ।

विश्वव्यापी महामारीका रूपमा देखिएको कोरोना भाइरसका कारण समग्र सामाजिक आर्थिक पक्षमा परेको प्रतिकूलतालाई समेत सम्बोधन गर्दै नगरपालिकाले देहायका रणनीतिक आधार र पक्षहरूलाई ध्यानमा राखी **आ.व. ०७७/०७८ को लागि नीति तथा कार्यक्रम** प्रस्तुत गर्न चाहन्छु ।

(क) मुलुकको आयमा कमी आउने, आर्थिक गतिविधिसँग सम्बन्धित क्रियाकलापहरूमा कमीका कारण श्रोत साधनको परिचालन क्षमता प्राथमिकता र क्षेत्र फरक हुन सक्ने अवस्थालाई ध्यानमा राख्दै अधिकतम आन्तरिक श्रोतको परिचालन गर्ने ।

(ख) नेपाली अर्थतन्त्रमा देखिएको वित्तीय जोखिम व्यवस्थापन गर्न अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी सुदृढ बनाउने ।

(ग) आर्थिक गतिविधि कृषि, पशु विकास तथा औद्योगिक उत्पादन रोजगारमा आधारित विकास निर्माण र सामाजिक जनजीवनमा थप क्षति हुन नदिई क्रियाकलाप तय गर्ने ।

(घ) नगरपालिकाबाट सञ्चालन हुने क्रियाकलापबाट सृजित आर्थिक उपलब्धि र विकासका प्रतिफलहरूको समन्यायिक वितरण गर्ने ।

(ङ) स्वास्थ्य, शिक्षा, लैङ्गिक सशक्तिकरण एंव अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वास्थ्य, शिक्षित, न्यायपूर्ण र गतिशील सामाजिक जीवनको स्थापना गर्ने ।

(च) नगरपालिकाको समग्र र सन्तुलित विकासका लागि नगरपालिकाले सुरु गरेका रुपान्तरणकारी क्षेत्रगत नगर गौरव स्तरका कार्यक्रम र आयोजनाहरू तोकिएको समय, गुणस्तर र लागतमा सम्पन्न गर्ने ।

(छ) कार्यक्रम तथा आयोजनाहरूको पुन:प्राथमिकिकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तीय अनुशासन कायम गर्दै उत्पादनशील र रोजगार मूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

(ज) अर्थतन्त्रमा आएको मन्दीका कारण अन्तर्राष्ट्रिय श्रम बजारमा सङ्कुचनका कारण रोजगारीका अवसरहरू गुम्ने जोखिमलाई सम्बोधन गर्न स्वदेशमै रोजगारी सिर्जना, आत्मनिर्भर अर्थतन्त्रको विकास र स्थानीय क्षमता वृद्धिको अवसरमा रूपान्तरित गर्ने ।

(झ) भष्ट्राचारलाई नियन्त्रण गर्दै सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाई चुस्त, छरितो र जनमुखी तथा नतिजा मुलक बनाउँदै सुशासनको प्रत्याभूति दिने ।

## आर्थिक विकास

कावासोती नगरको आर्थिक विकासको प्रमुख आयाम कृषि, पर्यटन, उद्योग, व्यवसाय र प्राकृतिक श्रोत साधन हुन् भन्ने तथ्यलाई आत्मसाथ गर्दै, यी क्षेत्रलाई चलायमान तथा विकास गर्न स्थानीय आवश्यकता र सक्षमताका आधारमा प्राथमिकता सहित अघि बढिएको छ :

१. गुणस्तरीय वस्तु तथा सेवाको सहज प्राप्ति गर्ने जनताको मौलिक हकलाई स्थापित गर्न बजार अनुगमन कार्यलाई थप सघनता प्रदान गरिनेछ । यस कार्यलाई नियमित, आकस्मिक रूपमा सञ्चालन गर्ने र अनुगमनमा संयुक्त बजार अनुगमन प्रणाली विस्तार गरिनेछ । उपभोक्ता हित संरक्षणमा सहयोग पुर्याउनेलाई प्रशंसित गर्ने, गल्ती गर्नेलाई दण्डित गरिनेछ ।

२. कृषि पेशालाई आकर्षक, मर्यादित र सुरक्षित बनाउन कृषकको पहिचान तथा वर्गीकरण गरिनेछ । कृषि पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि पकेट क्षेत्र कार्यक्रम सञ्चालित क्षेत्रमा प्रदेश सरकार तथा संघीय सरकारसँगको समन्वयमा वृहत् लगानीका लागि पहल गरिनेछ । वडा नं ७ र १३ मा माछा पकेट क्षेत्र स्थापना गर्ने कार्य अघि बढाइनेछ । महको उत्पादन तथा बजारी करणको प्रवर्धनका लागि "फार्मर टु मार्केट" नीति अवलम्बन गरिनेछ । यसका लागि ४ वटा सम्भावित बजार क्षेत्रहरूमा कृषक उपभोक्ता मिलन केन्द्र सञ्चालन गरिनेछ । सहकारी संस्थाहरू मार्फत व्यवस्थापन कार्य सुरु गरिनेछ ।

३. व्यवसायीक र रोजगार मूलक कृषि व्यवसायको प्रवर्धन गरिनेछ । यस कार्यमा व्यवसायीक उत्पादन, समूह खेती तथा सहकारी खेती प्रणालीलाई जोड दिदैँ युवाहरुलाई कृषि पेशामा प्रोत्साहन गरिनेछ । कृषिमा जलवायु अनुकूलन अवधारणालाई आत्मसात् गरिनेछ । कृषि मल, बीउ, उपकरण खरिदका लागि साझेदारीमा वस्तुगत सहायता प्रदान गरिनेछ । दूध उत्पादन वृद्धिका लागि दिइँदै आएको अनुदानमा निरन्तरता दिइनेछ । अन्य

कृषि उपजहरूको उत्पादनमा दिइने नगद अनुदानमा थप विस्तार गरिदैं लगिनेछ। तरकारी तथा फलफूलमा द्रुत विषादी परीक्षणलाई क्रमशः अवलम्बन गर्दै लगिनेछ। यसका लागि कृषि उपज बजार केन्द्रमा नेपाल सरकारसँगको सहकार्यमा द्रुत विषादी परीक्षण सञ्चालन गरिनेछ । अर्गानिक कृषि उपज प्रमाणीकरण प्रयोगशाला निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ।

४. प्राकृतिक विपत्तिका कारण कृषि उत्पादनमा क्षति पुग्ने अवस्था आएमा व्यवसायीक कृषकलाई सामान्य राहत होस् भन्ने ध्येयले कृषि उत्पादन राहत कोष स्थापना गरी कोषबाट क्षतिको आधारमा राहत उपलब्ध गराइने नीति लिइने छ।

५. पशु नश्ल सुधार गर्न ए.आइ. प्रविधि अवलम्बन गरिनेछ। उन्नत जातको बिज र बाच्छी मात्र उत्पादन हुने सेक्सड सिमेन ल्याई छाडा बाच्छाको संख्या कम गर्न कार्यक्रम तय गरिनेछ।

६. भुस्याहा कुकुरको संख्या क्रमशः बढ्दै गएको अवस्थामा त्यसबाट मानव समुदायमा रोगको त्रास बढ्दै गएकाले नियन्त्रणका लागि "वृहत् छाडा भुस्याहा कुकुर नियन्त्रण कार्यक्रम" ल्याइनेछ। घर पालुवा कुकुरको अभिलेख प्रणालीको सुरुवात गरिनेछ।

७. कोरोना पीडित भएका व्यवसायीक कृषकहरूलाई पुनर्स्थापन गर्नका लागि उन्नत विउ विजन वितरण, कृषिमा यान्त्रिकरण र प्राङ्गारिक तरकारी खेती प्रति चासो बढाउनका लागि विशेष कार्यक्रम ल्याइनेछ।

८. सहकारीलाई बचत तथा ऋण कारोबार गर्ने निकायका रूपमा मात्र सीमित नगरि समृद्ध कावासोती निर्माणका लागि सहकारी क्षेत्रलाई विकासको समानान्तर सहयात्रीको रूपमा अघि बढाइनेछ । एक घर एक सदस्य, एक गाउँ एक सहकारी र एक सहकारी एक उत्पादनको मान्यतालाई आत्मसाथ गरी उत्पादक सहकारीलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ

। साथै सहकारी र सरकार सँगसँगै भन्ने मान्यतामा आधारित रहि विकास व्यवस्थापन र टिकाउका लागि सहकारीहरूसँग समन्वय गर्ने नीति नगरपालिकाले अवलम्बन गर्नेछ ।

९. सहकारीमा सुशासन प्रवर्धन गर्न कोपोमास प्रणाली लागु गरिने छ । स्थानीय सम्भाव्यतामा आधारित उत्पादन एवम् उपभोग सहकारी स्थापना गर्दै न्यून आय भएका जनताको समेत निक्षेपको सदुपयोगमा ध्यान दिइनेछ । सहकारीहरूमा बीउ पुँजी कोषको व्यवस्थापन गरी व्यवसाय प्रवर्धन गर्न प्रोत्साहन गर्ने कार्य यसै वर्षदेखि थालनी गरिनेछ । एउटै उद्देश्यबाट सञ्चालित एकै प्रकारका सहकारीहरू एक आपसमा गाभिन चाहेमा प्रोत्साहन गरिनेछ ।

१०. ठूला आयोजना सञ्चालन गर्न सार्वजनिक निजी साझेदारी नीति अवलम्बन गरी निजी क्षेत्रको उपस्थितिलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कानुन ल्याइनेछ । निजी क्षेत्रबाट उद्योग, पर्यटन, कृषि तथा पशुपालन जस्ता क्षेत्रमा भएको लगानीलाई प्रोत्साहन हुने गरी स्थानीय सरकारका कार्यक्रमहरू व्यवसाय मैत्री बनाइनेछ । मूल बजार क्षेत्रको रूपमा रहेको राजमार्ग दायाँ बाँया, नगरपालिका कार्यालय अगाडीको सडकमा हरियाली सहरी सुन्दरता प्रवर्धनका लागि हरित सहर स्वच्छ सहर नीति अवलम्बन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

११. जैविक विविधता, पानीको श्रोत तथा तालहरूको संरक्षणका कार्यहरू गरिनेछ । पोखरी ताल, टरुवा ताल, गैंडा ताल, राजमन्दिर ताल तथा अन्य ताल र पोखरीहरूको संरक्षण कार्य प्रदेश सरकारसँगको समन्वयमा गरिनेछ । जैविक विविधता र प्राकृतिक सुन्दरताको संवर्धन मार्फत पर्यापर्यटन प्रवर्धनमा जोड दिइनेछ ।

१२. नगरपालिका भित्र रहेका टरुवा ताल, गैँडा ताल, पोखरी ताल लगायतका क्षेत्रको एकीकृत पर्यटन विकास रणनीति लिई पूर्वाधार विकास गर्न तथा समग्र नगरको पर्यटन विकासको लागि एकीकृत नगर पर्यटन गुरु योजना तयार गरिनेछ ।

१३. नगरपालिका भित्र निजी जग्गा बाझो राख्ने कार्यलाई निरुत्साहित गर्न उर्वर जमिन बाझो राखेमा जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ । निजी जग्गाको उपयोगको लागि भूमि बैंक खडा गरी अभिलेख राखी निश्चित समय सम्मको लागि करार खेती गर्ने वातावरण बनाइने छ ।

१४. नगरपालिका अण्डा र कुखुराको मासुमा आत्मनिर्भर भएको र आगामी ३ वर्ष भित्र दूध र तरकारी उत्पादन बढाई आत्मनिर्भर हुने तर्फ कार्यक्रम तय गरिनेछ ।

१५. विश्वव्यापी फैलिएको कोरोना भाइरसका कारण विश्व अर्थतन्त्रमा मन्दी आएसँगै नेपालबाट रोजगारीमा विदेश गएका नेपाली फिर्ता हुने क्रम बढेको छ । विदेशमा समेत रोजगारी घटेको सन्दर्भमा विदेशमा आर्जन गरेको ज्ञान, सीप, पूँजी र अनुभवलाई नेपालमा उपयोग गर्न जनशक्ति र श्रम बजारको अभिलेख व्यवस्थापन गरी रोजगार तथा स्वरोजगार बनाउन विभिन्न वित्तीय संघ/संस्थाहरू तथा स्थानीय उद्योगहरूसँग साझेदारी र सहकार्य गरिनेछ । साथै सीप, पूँजी, प्रविधि र बजारको व्यवस्थापनमा जोड दिइनेछ ।

१६. गरिबी निवारण सम्बन्धी नीति, नियम तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा लगिने छ ।

१७. नगरपालिका वडा नं. ७, १०, ११, १२, १३, १४, १५, १७ वडाहरुमा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पर्ने भएकोले जैविक विविधता, पर्यापर्यटन, जल पर्यटन, होम स्टे सञ्चालनमा सहयोग र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी नागरिकलाई स्वरोजगार बनाइने छ । पर्यटकीय पूर्वाधार अन्तर्गत वडा नं. १ मा निर्माणाधीन भ्यू टावरलाई आगामी वर्ष सम्पन्न गरिने छ । यसबाट पर्यटन क्षेत्रमा झण्डै १ हजार प्रत्यक्ष अप्रत्यक्ष रोजगारी सृजना हुने विश्वास लिएको छु ।

## पूर्वाधार विकास

१८. विकास योजना सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ । समपुरक कोषको व्यवस्था गरी संघ तथा प्रदेश सरकारसँग ठूला पूर्वाधारको योजनामा सहकार्य गरिनेछ ।

१९. नगरको गौरव आयोजनका रूपमा रहेको नगरपालिका बहुउद्देश्यीय भवन, कावासोती वडा नं. १ बालुवा डाँडामा रहेको भ्यू टावर, चक्रपथ तथा मानव वन्यजन्तु द्वन्द न्यूनीकरण अन्तर्गत ७, १०, ११, १२, १३, १५ र १७ वडामा निर्माणाधीन पर्खाल निर्माण कार्यलाई प्राथमिकता दिई कार्य सम्पन्न हुने गरी बजेट विनियोजन गरिएको छ ।

२०. सहकारिता, सहअस्तित्व र समन्वयको संवैधानिक मूल मर्ममा आधारित रहि तीन तहका सरकारहरूद्वारा विकास कार्यक्रमहरू सञ्चालन भइराखेका छन् । यसै सन्दर्भमा नगरपालिकाबाट कार्यान्वयन हुने तथा अन्य सरकारहरूसँगको सहकार्यमा सञ्चालन हुने गरी योजना बैंक निर्माण गरिनेछ । दिगो विकासको सिद्धान्तमा आधारित भई आवधिक योजनाको साथै क्षेत्रगत योजनाहरू तयार गरिनेछ ।

२१. नगरपालिकाबाट सञ्चालन हुने मूलतः सडक पूर्वाधार विकासका योजनाहरूमा ८०-२० लागत साझेदारीमा निरन्तरता दिइनेछ । अति विपन्न समुदायमा सञ्चालित योजनामा नगद लागत सहभागिता नलिई जिन्सी तथा श्रम सहभागिताका आधारमा योजना कार्यान्वयनमा प्रोत्साहन गरिनेछ । यसबाट विकास योजनामा नगरवासीको अपनत्व अभिवृद्धि भई विकास योजना टिकाउ हुने विश्वास लिएको छु ।

२२. कावासोती नगरपालिकालाई व्यवस्थित र सुविधा युक्त सहर बनाउन चौडा सडक, व्यवस्थित पार्किङ, साइकल लेन, अपाङ्ग मैत्री पूर्वाधार जस्ता पक्षहरूमा प्राथमिकताका

साथ अघि बढाइनेछ । व्यवस्थित सडक, गल्लीको नाम मेट्रिक्स एडेर्सिङ सिस्टम र जि.आई.एस्. (GIS) बाट नक्साङ्कन गरिनेछ ।

२३. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को जिल्ला सदरमुकाम देशकै नमुना बनाउने उद्देश्यका साथ यस नगरपालिकाको वडा नं. ०३ मा जग्गा प्राप्ति कार्य सम्पन्न भई विस्तृत कार्यक्रम प्रतिवेदन (डि.पि.आर.) तयार भई स्वीकृतको क्रममा रहेको छ । उक्त स्थानमा एकीकृत सेवा प्रवाह केन्द्र निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

२४. नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक, सरकारी प्रति जग्गाको लगत लिई खुला क्षेत्रको संरक्षण गर्ने कार्यका लागि उक्त जग्गाहरूको लगत तयार गरिनेछ ।

२५. नगरपालिकालाई पूर्ण विद्युतीकरण नगरपालिका घोषणा गर्न विद्युतिकरण हुन बाँकी वडा नं. १ लगायत अन्य वडाहरुका सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिनेछ । विद्युतीकरण प्रणालीलाई सुरक्षित बनाउन काठको पोल क्रमशः विस्थापन गर्ने नीति लिइनेछ ।

२६. नारायणी नदी, केरुङ्गे खोला तथा नगरपालिका क्षेत्रभित्रका अन्य खोलाहरूमा व्यवस्थित तटबन्धन गरी नदी नियन्त्रण र वस्ति संरक्षणका लागि हालको प्रविधिका साथै नयाँ प्रविधि रिपर्याप अवलम्बन गरी तटबन्धनको कार्य गरिनेछ ।

२७. कोरोना भाइरसका कारण सिर्जना भएको बेरोजगारी समस्यालाई न्यून गर्न स्थानीय श्रम, स्रोत र साधनमा आधारित भई सामुदायिक विकास कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यक्रम सञ्चालनबाट झन्डै ६० हजार श्रम दिन रोजगारी सिर्जना हुनेछ ।

२८. विपन्न नागरिकहरूलाई श्रममा आधारित रोजगारी दिन सम्भावित विकास कार्यक्रमहरू मार्फत न्यूनतम एक सय दिन रोजगारी दिने गरी विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२९. नेपाल सरकार र प्रदेश सरकारको समपूरक र विशेष अनुदानबाट आगामी वर्ष विभिन्न सडक, विद्युत लगायतका क्षेत्रमा विकास आयोजनाहरू सञ्चालन गरिनेछ।

३०. नगर भित्रको बढ्दो जनसंख्या तथा आवश्यकतालाई ध्यानमा राखी खानेपानीको प्रभावकारी व्यवस्थापनका लागि संघ, प्रदेश तथा नगर विकास कोषसँग समन्वय गरी अघि बढिनेछ।

## सामाजिक विकास

३१. गत वर्ष देखि सुरुवात गरिएको मुसहर समुदायका विद्यार्थीका लागि निःशुल्क उच्च शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । अति विपन्न अवस्थाका विद्यार्थीहरूलाई आर्थिक अभावकै कारण शिक्षाबाट वञ्चित हुने अवस्था सृजना हुन दिइने छैन।

३२. नगर भित्रका सबै विद्यालयहरूको कार्य सम्पादनको सघन रूपमा मूल्याङ्कन गरि नगरको समग्र शिक्षाको विकासको लागि नगर शिक्षा विकास रणनीति तयार गरिनेछ।

३३. बाल मैत्री नगरपालिका निर्माणको दिशामा कावासोती नगरपालिका सुरुवाती दिन देखिनै लागिरहेको र हाल सम्म तथ्याङ्क संकलन प्रशोधनको कार्य सम्पन्न भएको छ। बाल मैत्री नगरपालिका निर्माणका सूचकमा केन्द्रित रहि यस वर्ष योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। बाल मैत्री सिकाई, बाल मैत्री व्यवहार, बाल मैत्री समाज निर्माण गर्दै बाल मैत्री स्थानीय शासनलाई मूर्तरूप दिने दिशामा नगरपालिकाका गतिविधिहरूलाई परिलक्षित गरिनेछ।

३४. बाल श्रम न्यूनीकरणका लागि अनुगमन तथा पुनर्स्थापना कार्यलाई निरन्तरता दिइनेछ । सडक बालबालिका मुक्त सहर बनाउनका साथै अभिभावक विहीन बालबालिकाका लागि निःशुल्क शिक्षाको व्यवस्था तथा शैक्षिक सामाग्री प्रोत्साहन गरिनेछ।

३५. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्तरोन्नतीका कार्य अन्तर्गत आगामी वर्ष कुमारवर्ती स्वास्थ्य चौकीको भौतिक पूर्वाधारको कार्य सुरु गरिनेछ। स्वास्थ्य संस्थाहरूमा औषधी अभाव हुन दिइने छैन। बर्थिङ्ग सेन्टरहरूलाई थप व्यवस्थित गर्दै लगिने छ साथै संस्थागत प्रसूति सेवाको गुणस्तरमा अभिवृद्धि गरिनेछ। पूर्ण खोप युक्त नगर घोषणा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ। सर्प दंशको उपचार व्यवस्थापनका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ।

३६. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि आवश्यक पर्ने खण्डिकृत तथ्याङ्क संकलन एवम् संकलित तथ्याङ्क विश्लेषण गरी योजना तथा कार्यक्रम तर्जुमा गर्दा आधार लिइनेछ । आधारभूत स्वास्थ्य सुविधाका लागि जेष्ठ नागरिक घर दैलो स्वास्थ्य परामर्श सेवा कार्यक्रम तथा विद्यालय स्वास्थ्य कार्यक्रम एवम् मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

३७. जनताको आधारभूत स्वास्थ्य सम्बन्धी मौलिक अधिकारलाई स्थापित गर्न स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्र नपुगेका वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्रको क्रमशः स्थापना गर्दै लगिनेछ ।

३८. महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहनका लागि स्वास्थ्य विमा कार्यक्रम सुरुवात गरिनेछ । साथै आमा स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३९. प्राकृतिक उपचार तथा आयुर्वेदिक उपचार पद्धतिलाई प्रोत्साहन गरिनेछ । सेवा केन्द्रबाट निःशुल्क वितरण हुँदै आएको औषधीको दायरालाई वृद्धि गरिनेछ । निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न अभिलेख व्यवस्थापन गरी अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

४०. हाम्रो क्षेत्रका बिरामीलाई रगतको अभाव हुन नदीन नेपाल रेडक्रस सोसाइटी कावासोतीद्वारा स्थापित नवलपुर रक्त सञ्चार केन्द्रसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

४१. थारु जातिमा बंशाणुगत रुपमा देखा परेको सिकलसेनिया रोगको विरुद्ध जनचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४२. युवाहरू देशका खम्बा हुन् । युवाहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी रोजगारीमा संलग्न हुने व्यवस्था मिलाइनेछ । युवाहरूमा बढ्दो दुर्व्यसनी रोक्न सचेतन मूलक कार्यक्रम तथा सकारात्मक सोच विकास सम्बन्धी कार्यक्रम "म अघि बढ्छु" सञ्चालनमा ल्याइनेछ । यस कार्यमा सुरक्षा निकाय तथा अन्य संघ/संस्थाको समन्वयमा सबै वडामा अभियानका रूपमा सञ्चालन गरिनेछ ।

४३. कावासोती नगरपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मीक, बहुसांस्कृतिक विशेषता युक्त रहेको छ । विविधतामा एकता यस नगरपालिकाको मात्र नभई समग्र नेपालकै विशेषता हो । कला, साहित्य, धर्म र संस्कृतिको संरक्षण, विकास र प्रवर्धनमा विशेष ध्यान दिई विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४४. खेलकुदको माध्यमबाट स्वस्थ जनशक्तिको उत्पादन हुनुका साथै सामाजिक एकता र राष्ट्रिय भावना समेत बलियो हुने हुन्छ । खेलकुदका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । नवलपुर जिल्ला स्तरीय वृहत् खेलकुद कार्यक्रमको सुरुवातका लागि अन्य स्थानीय तहहरूसँग समन्वय गरिनेछ ।

४५. कला, साहित्यको संरक्षण र प्रवर्धनका लागि कार्यक्रमहरू तय गरी निरन्तरता दिइनेछ । नगरपालिका भित्र रहेका विभिन्न जात जातिको संस्कृति झल्कने संग्रहालयहरुको स्तरोन्नती गरिनेछ ।

४६. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अभियानलाई निरन्तरता दिइनेछ । लैङ्गिक तथा यौन हिंसामा परेका महिलाहरूको उद्धार, संरक्षणको अल्पकालीन आश्रय स्थल सञ्चालन गरिनेछ । सो सञ्चालनका लागि आवश्यक पर्ने जग्गा र भवन निर्माणको लागि विभिन्न निकाय सँग समन्वय गरिनेछ । हिंसा पीडितका लागि न्यायिक उपचार, पुनर्स्थापना र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाइनेछ । छुवाछूत, विभेद, सामाजिक कुरीति र अन्धविश्वास विरुद्ध सचेतन मूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

४७. फरक क्षमता भएका व्यक्तिहरूको क्षमता विकासका लागि सीप मूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । सरकारी कार्यालयहरू निर्माण गर्दा अनिवार्य रूपमा अपाङ्ग मैत्री हुने गरी निर्माण गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूको जनजीवन सहज बनाउन सहायक सामग्री वितरण गर्न सरोकारवाला संघ-संस्थासँग समन्वय गरी थप व्यवस्थित गरिनेछ ।

४८. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक पूर्वाधार प्रवर्धन, शिक्षक प्रशिक्षण कार्यक्रम, विद्यालयहरूको व्यवस्थापकिय क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गर्न ब्रिटीस काउन्सिल नेपाल लगायतका संघ संस्थासँग सहकार्य गरिनेछ । विद्यालयहरूलाई शिक्षण सिकाई कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिइनेछ । सामुदायिक विद्यालय तर्फ आधारभूत तह (कक्षा ५ सम्म) का विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४९. शैक्षिक संस्थाहरूको नियमन कार्यलाई थप सघनता प्रदान गर्दै प्रभावकारी बनाइनेछ । सबै विद्यालयहरूको तथ्याङ्क अद्यावधिक गरी ई. एम.आइ.एस. मा प्रविष्टि गरिनेछ । साथै उक्त खण्डीकृत तथ्याङ्कलाई नगरपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरू तय गर्दा आधार लिइनेछ ।

५०. आवश्यकता र उपयुक्तताको आधारमा विद्यालयहरूलाई गाभ्ने कार्य अगाडी बढाइनेछ । एक आपसमा गाभिएका विद्यालयहरूका लागि प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।

५१. बालबालिका केन्द्रित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न बालबालिकामा अन्तर निहित प्रतिभा प्रस्फुटन गर्न नगर कोपिलाको नियमित प्रकाशन गरिनेछ । साथै बालबालिकाहरूको प्रतिभालाई कदर गर्न मेयर उत्कृष्ट छात्रवृत्ति पुरस्कारलाई निरन्तरता दिइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

५२. विपद् बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तथा पुनर्स्थापना र राहतसम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउन स्थानीय विपद् व्यवस्थापन ऐन, कानुनहरू तर्जुमा गरिनेछ । वडा स्तरमा विपद् व्यवस्थापनका आधारभूत उपकरण तथा औजारहरू व्यवस्थापन गर्दै लगिनेछ ।

५३. पर्यावरण संरक्षण तथा वातावरणीय स्वच्छताका लागि सामुदायिक वनहरूसँग सहकार्य गरिनेछ । सरकारी प्रति जग्गाहरूमा वृक्षारोपण, भू-संरक्षण, उद्यान व्यवस्थापन, जडीबुटी खेती, सिमसार तथा घाँसे मैदान संरक्षण र व्यवस्थापन जस्ता कार्यहरूमा सामुदायिक वनहरूसँग सहकार्य गरिनेछ । निजी तथा सरकारी जग्गाहरूमा स्थानीय प्रजातिका ५,००० बिरुवा वृक्षारोपण गर्ने कार्यक्रम तय गरिएको छ ।

५४. कावासोती वडा नं. १६ मा स्थापना गरिएको फोहोर मैला व्यवस्थापन केन्द्रको स्तरोन्नती गरिनुका साथै उक्त स्थानसम्म पुग्नका लागि पहुँच मार्गको स्तरोन्नती गरिनेछ । फोहोर मैला व्यवस्थापनका लागि प्रत्येक घरधुरी वाट नै फोहोर मैला वर्गीकरण गरि फोहोर उठाइनेछ ।

५५. सुकुमबासी समस्या समाधानका लागि सुरु गरिएको संकलित तथ्याङ्कलाई अद्यावधिक गरिनेछ । सुकुमबासी समस्या समाधानका लागि संघ र प्रदेश सरकारसँग यथोचित समन्वय गरिनेछ ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन**

५६. सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति अभाव हुन नदिई नागरिक मैत्री सेवा प्रवाहमा जोड दिइनेछ। सेवा प्रवाहमा विधुतिय प्रविधिको अधिकतम प्रयोग गरिनेछ। सेवा प्रवाहको गुणस्तर र मापदण्ड समेतको कार्य प्रक्रिया सरलीकरण निर्देशिका तयार गरि कार्य सम्पादनमा जोड दिइनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी मूल्याङ्कन गरी मासिक रूपमा पुरस्कृत गरिनेछ। नगरपालिकाबाट नगरवासीले पाउने सेवा सरल, व्यवस्थित र प्रतिफल मूलक बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासमा पर्याप्त जोड दिइनेछ।

५७. योजना कार्यान्वयन कार्यलाई थप व्यवस्थित र छरितो बनाइनेछ। योजना कार्यान्वयन कार्य योजना तयार गरी योजना सम्झौता, कार्यान्वयन, अनुगमन र फरफारक कार्य समयतालिका अनुसार व्यवस्थित गरिनेछ। कार्यालयमा भएको प्राविधिक जनशक्तिलाई वडा कार्यालयमा खटाई प्राविधिक सेवालाई अझ सरल बनाइनेछ। योजना कार्यान्वयनका क्रममा योजनाहरू टुक्राउने तथा रकमान्तर गर्ने प्रवृतिलाई हदैसम्म निरुत्साहित गरिनेछ।

५८. करको दर तथा दायरा सम्बन्धमा नगरवासीको सामर्थ्य र प्रत्यक्ष हितलाई आत्मसाथ गरी दायरा विस्तारमा थप जोड दिइनेछ। राजस्व संकलन तथा व्यवस्थापनमा विधुतिय प्रविधिलाई सबै वडामा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। डिजिटल वालेट जस्ता विधुतिय माध्यमबाट कर तिर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइनुका साथै करदाता शिक्षा तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत कर मैत्री प्रशासनमा जोड दिइनेछ।

५९. वित्तीय अनुशासन कायम गर्न र भुक्तानीलाई सजिलो बनाउनका लागि बैंकसँगको सहकार्यमा भुक्तानी प्राप्त गर्नेको बैंक खातामा सोझै भुक्तानी हुने व्यवस्था मिलाइनेछ।

६०. नगरपालिकाको सामाजिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक अवस्था झल्कने किसिमको प्रतिक चिन्ह तयार गरिनेछ ।

६१. नगरवासीहरुले आफ्ना गुनासा, असन्तुष्टी, असहजता र पृष्ठपोषणका लागि "अनलाईन पब्लिक अपिनियन पोर्टल" को व्यवस्था गरिनेछ । पृष्ठपोषणका आधारमा क्रमशः क्रियाकलापहरू तय गर्दै लगिने छ । वडा स्तर सम्म पुगी नागरिक सन्तुष्टि सर्वेक्षण संकलन गरिनेछ । नगरपालिका र वडा कार्यालयमा रहेको नागरिक बडापत्रलाई अद्यावधिक गरी विधुतिय नागरिक वडापत्रको सुरुवात गरिनेछ । नगरपालिकाका कार्यहरूलाई सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता पारदर्शिताका औजारहरू मार्फत मूल्याङ्कन र सार्वजनिकिकरण गरिनेछ ।

६२. भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी सचेतना अभिवृद्धि तथा तालिम कार्यक्रम परामर्शदाता, निर्माण व्यवसायी र दक्ष ज्यामीलाई दिने कार्यक्रम भूकम्प प्रविधि समाज नेपालसँग समन्वयमा तय गरिनेछ ।

६३. नगरपालिकाका गतिविधि तथा अन्य विषयहरुमा आम नागरिकहरू सुशुचित हुने व्यवस्था मिलाउन स्थानीय सञ्चार माध्यमहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ । समाजको सकारात्मक परिवर्तनको लागि सञ्चार कार्यक्रमहरूको उत्पादन तथा प्रसारण गर्न सञ्चार गृहलाई प्रोत्साहित गरिनेछ ।

६४. नगरपालिकाबाट भए गरेका विभिन्न गतिविधिहरू, इतिहास, संस्कृति, विकास र संवृद्धि आदि समेटेर चौमासिक रूपमा "हाम्रो कावासोती" बुलेटिन प्रकाशनको सुरुवात गरिनेछ ।

६५. स्थानीय राजपत्रमा नागरिकको सरल पहुँच हुने गरी व्यवस्थित गरिनेछ । नगरपालिकामा सूचना तथा अभिलेख व्यवस्थापन गर्न नगर सूचना अभिलेख केन्द्र स्थापना गरिनेछ ।

६६. वडा कार्यालयहरूलाई सेवाग्राही मैत्री बनाउन आधारभूत विकासमा जोड दिइनेछ । सेवाग्राही प्रतीक्षालय, फ्रि-वाईफाई सुविधा, चमेनागृह, स्वस्थ खानेपानी लगायतका सेवाहरू थप व्यवस्थित गर्दै लगिनेछ ।

६७. न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त बनाउन न्यायिक इजलास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ । न्यायिक समितिमा प्राप्त उजुरी तथा समितिबाट भएका निर्णयहरूलाई विधुतिय प्रणालीमा अद्यावधिक गरिनेछ ।

६८. नगर प्रहरीहरूको प्राविधिक कौशल अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी स्रोत साधन युक्त बनाइनेछ । सहरी व्यवस्थापन, घर नक्सा नियमन, न्यायिक फैसला कार्यान्वयन, प्राकृतिक श्रोतको संरक्षण लगायतका कार्यमा नगर प्रहरी परिचालन गरी नियमन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

६९. नगरपालिकामा कार्यरत कर्मचारीहरूका लागि उत्प्रेरणा तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । त्यस्तै गरी विभिन्न नगरपालिका स्तरमा सिकाई आदान प्रदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७०. राजस्व वृद्धिका एवं परिचालनका लागि राजस्व अभिवृद्धि कार्य योजना तयार गरी क्रमशः कार्यान्वयनमा लगिनेछ ।

७१. नगरपालिकाको विकास तथा सेवा प्रवाहलाई व्यवस्थित र चुस्त बनाउन क्षेत्रगत खण्डिकृत तथ्याङ्कहरूको संकलन गरी "डेटा पोर्टल" को स्थापना गरिनेछ ।

**सभाका सदस्यज्यूहरू**

७२. नगरवासीको विकासको आकंक्षा र अपेक्षा, नगरपालिकाको आर्थिक सक्षमता तथा सर्वपक्षिय आवश्यकता समेतका आधारमा यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

७३. प्रस्तावित नीति तथा कार्यक्रमलाई सबैले आत्मसाथ गरी प्रतिबद्धताका साथ कार्यान्वयन गरेमा अवश्य पनि कावासोती नगरपालिकाको विकासले सकारात्मक फड्को मार्नेछ भन्ने विश्वास लिएको छु ।

७४. यो नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा नगरपालिकालाई सबै पक्षबाट सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद !**